संवत् २०८२ साल असोज २९ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ००३/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | राजश्व/आर्थिक प्रशासन/ प्राविधिक | थाहा नगरपालिकाको ढुङ्गा, गिट्टी, बालुवा तथा माटोको उत्खनन्, बिक्री सम्बन्धी बोलपत्र आव्हान गर्ने । |
| २ | प्रशासन/राजश्व | थाहा नगरपालिका वडा नं १२, गैरीगाउँमा रहेको ढुङ्गा खानी र प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत भएका माटो खानीहरुको हकमा वडा कार्यालय मार्फत सिफारिस भई आएका कर संकलकहरुका साथै नगर प्रहरी परिचालन गरी अमानतबाट राजश्व संकलन गर्ने । |
| ३ | राजश्व/प्रशासन | चित्लाङ्ग चन्द्रागिरी थानकोट सडक निर्माण सरोकार समिति र नगरपालिकाबीच आ.व. २०८०।०८१ मा चामखोलामा रहेको ढुङ्गा बिक्रि गर्ने सम्झौता बमोजिम समितिले पालिकालाई बुझाउनुपर्ने सम्पूर्ण राजश्व वापतको रकम दाखिला गरिसकेको भएता पनि उक्त ढुङ्गा सोही स्थानमा रहेको पाइएकोले नगरपालिकाको आ.व. २०८२/०८३ को ठेक्का लगाउनु पूर्व सो ढुङ्गा अन्यत्र व्यवस्थापन गर्न पत्राचार गर्ने । |
| ४ | स्वास्थ्य/प्रशासन | थाहा नगरपालिका पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा संचालनमा रहेको स्वास्थ्य बीमा कार्यक्रम यहि कार्तिक १ गते बाट लागु हुने गरी सार्वजनिक विदा र अन्य OPD बाहेकको समयमा पनि २४ सं घण्टा उपलब्ध गराउने साथै सो कार्यक्रम निरन्तरताको लागि कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च प्राथमिक स्वास्थ्य केन्द्र पालुङ्गबाट नै व्यवस्था गर्ने । |
| ५.१ | प्रशासन/आर्थिक प्रशासन | मानवसेवा आश्रम, हेटौडाको अक्षयकोष श्रीवृद्धि तथा क्षमता विकासको लागि मिति २०८१ चैत्र १७ देखि २४ गते सम्म आयोजित श्रीमद्धागवत ज्ञान महायज्ञमा यस नगरपालिकाले प्रतिवद्धता गरेको रकम भुक्तानी गर्ने । |
| ५.२ | आर्थिक प्रशासन/ प्राविधिक | थाहा नगरपालिकाको स्थानीय दररेट स्वीकृत भईसकेको हुँदा उल्लेखित समितिमा रहि कार्य गर्ने सदस्यहरुलाई अतिरिक्त भत्ता बापत उपलब्ध गराउने । |
| ५. | योजना | योजना महाशाखाबाट पेश भएको योजना कार्यान्वयन तालिका संसोधन गर्ने । |
| ३ | स्वास्थ्य/ विधायन | थाहा नगरपालिकाबाट संचालन गरिने स्वास्थ्य सेवा तर्फका वित्तिय समानीकरण एवं आन्तरिक तथा निःशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन, २०८२ स्वीकृत गर्ने । |
| ५.४ | पशु विकास /विधायन | पशु सुत्केरी भत्ता/प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने । |
| ५.५ | खानेपानी व्यवस्थापन बोर्ड | यस थाहा नगरपालिका अन्तर्गत रहेको थाहानगर खानेपानी व्यवस्थापन बोर्ड मार्फत उपभोक्ताहरुलाई वितरण भईरहेको सामुदायिक खानेपानीको मुहानभन्दा माथि अन्य पाइप बिछ्याउन नपाइने गरी सूचना गर्ने । |
| ५.६ | युवा तथा खेलकुद/ आर्थिक प्रशासन | थाहा नगरपालिकाबाट मकवानपुर जिल्ला फुटबल रेफ्रि संघलाई प्रतियोगिता खेलाउन प्रयोग हुने सामाग्रीहरु सहयोग गर्ने प्रतिवद्धता बमोजिम गत आ.व.को भुक्तानी गर्न बाँकी रु.३०,०००/- भुक्तानी गर्ने । |

हिरेन्द्र कुमार ... प्रवक्ता

| | | |
|---|---|---|
| ५.७ | सामाजिक विकास/आर्थिक प्रशासन | गत आर्थिक वर्षमा भुक्तानी गर्न छुट भएको थाहा नगर सांस्कृतिक संरक्षित क्षेत्र कार्य दलको रु.३१,९००/- भुक्तानी गर्ने । |
| ५.८ | स्वास्थ्य शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको भवनहरुको विद्युतको वाईरिङ्गमा विगत केही समय देखि निरन्तर समस्या आईरहने जसले गर्दा विद्युतिय उपकरणमा समस्या आउने र इलेक्ट्रिक सर्ट भईरहने समस्याले गर्दा नियमिति सेवा प्रवाहमा समेत कठिनाई उत्पन्न भइरहेकोमा उक्त भवनहरुमा Cable lay outing, Wiring and panel installation गर्न आवश्यक बजेट विनियोजन गर्ने । |
| ५.९ | योजना महाशखा/ प्राविधिक | थाहा नगरपालिका वडा नं. ७ मा रहेको गोठडाँडा वडा कार्यालय सडक मिति २०८१ असोज महिनामा परेको अविरल वर्षाको कारण ट्र्याक पूर्णरुपमा बगाएको हुदाँ सो स्थानबाट सडक पुनः संचालन गर्न सम्भावना नरहेकोले उक्त सडकलाई नयाँ ठाउँबाट ट्र्याक बनाई पुरा गर्न लागत स्टमेट सहित बागमती प्रदेश सरकार समक्ष सडक निर्माणको लागि अनुरोध गर्ने । |
| ५.१० | प्राविधिक शाखा | थाहा नगरपालिका वडा नं. ८ मा रहेको भकुण्डेबास, काभ्रे, खर्क भन्ज्याङ्ग, सिम्ले (B.K.K.S) सडकको विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने । |

(हिरेन्द्र कुमार रायमांझी)
प्रवक्ता

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता